प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२४८३५

०५७-५२४८३६

फ्याक्सः ०५७-५२४८३६

ईमेलः p3mosd@gmail.com

प.सं. :

च.नं. :

मितिः २०७६/१०/२९

## प्रेस विज्ञप्ति

जुगल गाउँपालिकाबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखिएको र यस सामाजिक विकास मन्त्रालयलाई बोधार्थ दिईएको मिति २०७६/१०/२८ को च. नं. १५७४ को पत्रमा जुगल गाउँपालिका, वडा नं. ३ गुम्बामा कोरोना भाइरस संक्रमणसँग मिल्ने लक्षण भएका बिरामीहरु देखिएको भन्ने जानकारी प्राप्त भयो । सो सम्बन्धमा स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकको समन्वयमा जुगल गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सहितको स्वास्थ्यकर्मीको टोली हिजो नै सम्बन्धित स्थानमा औषधी सहित पुगिसकेको छ।

उक्त स्वास्थ्यकर्मीको टोलीले स्थलगत अध्ययन गरी दिइएको जानकारी अनुसार उक्त स्थानमा कुनै पनि व्यक्ति चीनमा आवतजावत गरेको नपाइएको र बिरामीहरुमा सामान्य ज्वरो, रुघाखोकीको लक्षण देखिएको र गम्भीर बिरामीहरु नपाइएको जानकारी प्राप्त भयो । सो स्थानमा आज विहान स्वास्थ्य कार्यालयबाट आवश्यक औषधी/सामाग्रीहरु पठाई सकिएको छ । स्वास्थ्य टोलीबाट प्राप्त जानकारी अनुसार २०७६/१०/२३ देखि उक्त लक्षण भएका बिरामीहरु स्वास्थ्य संस्थामा दर्ता हुन आएको र आज विहान ११:३० बजे सम्मको प्राप्त रिपोर्टमा जम्मा १५९ जना बिरामीहरुले सेवा लिएका र कोहि पनि सिकिस्त बिरामी नभएको जानकारी प्राप्त भएको छ । सो विषयमा थप अध्ययन एवम् प्रतिकार्य गर्न जलविरे प्राथमिक स्वास्थ्य केन्द्रबाट डा. पिताम्बर खनाल सहितको टोलीले सम्बन्धित स्थलमा पुगी सेवा प्रदान गरिरहेको छ । साथै यस बारेमा थप अनुसन्धान तथा बिरामीबाट नमूना संकलन गर्नको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, काठमान्डौ र चौतारा अस्पतालबाट डा. स्वेता श्रेष्ठको नेतृत्वमा ल्याब टेक्निसियन सहितको ४ जनाको टोली सो स्थानमा थप परिचालन गरिसकिएको छ ।

अतः हाल यस प्रदेशमा नोभल कोरोना भाइरसको कुनै पनि शंकास्पद बिरामी देखा परेका छैनन्। तसर्थ विशेषज्ञको अनुसन्धान र निदान एवम् किटानीबिना कुनै पनि अफवाह र भ्रममा नपर्नु हुन यसै बिज्ञप्ति मार्फत मन्त्रालय सम्बन्धित सबैमा अपिल गर्दछ ।

२०७६।१०।२९

(दिपेन्द्र सुवेदी)

प्रवक्ता